# चार्टर्ड विमानबाट १२९ चिनियाँ खेलाडी पोखरामा

## आजदेखि फेवातालमा इन्टरनेसनल ड्रागन बोट फेस्टिभल



**हिमालय टाइम्स**

पोखरा, ११ पुस

सिचुवान एयरलाइन्सको जहाज चार्टर्ड गरी गरी १२९ जना चिनियाँ खेलाडी पोखरा आइपुगेका छन् । चीनको छेन्दु विमानस्थलबाट बिहीवार बिहान आइपुगेको चिनियाँ टोलीलाई पोखरा महानगरका प्रमुख धनराज आचार्यलगायतले स्वागत गर्नुभएको थियो ।

शुक्रबार (आज)देखि पोखराको फेवातालमा हुने इन्टरनेसनल ड्रागन बोट फेस्टिभलमा सहभागी हुन उनीहरू पोखरा आएका हुन् । चीनको छेन्दुबाट सिचुवान एयरलाइन्सको जहाज पोखरामा तेस्रो पटक चार्टर्ड गरी आएको हो ।

ड्रागन बोट रेस प्रतियोगितामा नेपाल, चीन र सिंगापुरका २० समूहले भाग लिँदैछन् । पुस १४ र १५ गते हुने प्रतियोगितामा नेपालका ११, चीनका आठ र सिंगापुरको एक गरी २० वटा समूहको सहभागिता रहने तय भएको छ ।

गण्डकी प्रदेश सरकार, पोखरा महानगरपालिका, नेपालस्थित चिनियाँ दूतावास र नेपाल पर्यटन बोर्डको संयुक्त आयोजनामा हुने महोत्सवको सहआयोजकमा नेपाल ड्रागन बोट एसोसिएसन, पोखरा पर्यटन परिषद् र पोखरा ओभरसिज चाइनिज एसोसिएसन छन् ।

प्रतियोगिता दुई सय मिटर र पाँच सय मिटर गरी दुई विधामा हुनेछ । दुवै विधामा प्रथम हुनेले पाँच हजार डलर, उपविजेताले दुई हजार डलर, तृतीयले एक हजार दुई सय डलर पाउनेछन् ।

# विद्यालय शिक्षापछिको समयमा खेलकुदमा लगाउनुहोस् : मन्त्री चौधरी



**काठमाडौं/हिटा ।** युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले बालवालिकालाई विद्यालय शिक्षापछिको समयमा खेलकुदमा लगाउन आग्रह गर्नुभएको छ । बिहीबार काठमाडौंमा आयोजित एक कार्यक्रममा बोल्नुहुँदै उहाँले यस्तो वताउनुभएको हो । उहाँले विद्यार्थीमा अहिले मोबाइल चलाउने प्रवृत्ति बढिरहेको भन्दै विद्यालय शिक्षापछिको दुई घण्टा खेलकुदमा लगाउन अभिभावकहरूसँग आग्रह गर्नुभएको हो ।

उहाँले खेलकुदले शारीरिक र मानसिकरूपमा स्वस्थ राख्नुका साथै खराव संगत गर्नबाट जोगाउने बताउनुभयो । उहाँले खाली समयमा विद्यार्थीलाई खेलकुदका गतिविधिमा संलग्न गराउन आवश्यक रहेको बताउनुभयो । मन्त्री चौधरीले बालबालिकालाई उनीहरूले चाहेको खेलकुदका विभिन्न विधामा खेलाउन आग्रह गर्नुभयो ।

नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
संघीय शहरी विकास तथा भवन निर्माण कार्यालय
धनुषा, जनकपुरधाम

**बोलपत्र स्वीकृतिको आशय सम्बन्धी सूचना**

प्रकाशन मिति : २०८१।०९।१२

यस कार्यालयबाट प्रकाशित सार्वजनिक सूचना बमोजिम म्यादभित्र रीतपूर्वक प्राप्त हुन आएका बोलपत्रहरूमध्ये तपसिल बमोजिमको बोलपत्रहरु न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही देखिएको हुँदा उक्त बोलपत्रहरु स्वीकृतिको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| S. N. | Contract No. | Description of Work | Name and Address of Bidder | Bid Amount (W/O VAT) |
|---|---|---|---|---|
| 1. | FPIU/ Dhanusha/ Works/ NCB/75-2081/82 | Emergency Shelter Construction Works at Ishworpur Municipality and Landscaping Work at Emergency Shelter Jaleshwor Municipality, Mahottari. | Marbaita Construction & Consultancy Pvt. Ltd, Janakpurdham-16 | 1,49,17,825.80 |

कार्यालय प्रमुख

**मुक्तिनाथ विकास बैंकको उत्कृष्ट छात्रवृतिका लागि आवेदनबारे सूचना**

मुक्तिनाथ विकास बैंकले विगत केही वर्षदेखि **मुक्तिनाथ उत्कृष्ट छात्रवृति** अन्तरगत कक्षा ११ र १२ अध्ययन गर्ने विद्यार्थीहरुलाई छात्रवृति प्रदान गर्दै आइरहेको छ । बैंकले यस वर्ष काठमाण्डौ उपत्यका र महानगर पालिका बाहेक अन्य स्थानहरुमा संचालनमा रहेका बैंकका प्रत्येक शाखाहरुबाट उक्त शाखा रहेका स्थानिय तहमा (उपमहानगरपालिका, नगरपालिका र गाँउपालिकाहरु मात्र) स्थायी बसोबास गर्ने न्युन आय भएका, विपन्न तथा कृषक परिवारका विद्यार्थीहरु मध्येबाट एस.ई.ई. परिक्षा उत्तीर्ण गरी माध्यमिक तह (कक्षा ११) अध्ययन गर्ने १/१ जना लाई **मुक्तिनाथ उत्कृष्ट छात्रवृति** प्रदान गर्ने कार्यक्रम भएकोले इच्छुक विद्यार्थीहरुले आफ्नो सम्बन्धित स्थानिय तहमा संचालित यस बैंकको शाखा कार्यलयमा आवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

छात्रवृतिमा शैक्षिक संस्थामा लाग्ने शुल्कहरु तथा शैक्षिक सामाग्रीहरुका खर्च लाई समावेश गरि प्रति विद्यार्थी प्रति रु १५,००० सम्मको छात्रवृति रकम प्रदान गरिने छ ।

**छात्रवृति सम्बन्धी जानकारी**

१. आवेदक शाखा रहेको स्थानको स्थायी बासिन्दा हुनुपर्नेछ ।
२. आवेदक न्युन आय, विपन्न तथा कृषक परिवारबाट हुनुपर्नेछ ।
३. आवेदक आफ्नो स्थाई ठेगाना भएको जिल्ला भित्र रहेका कुनै उच्च माध्यमिक शैक्षिक संस्थामा अध्ययन गर्नुपर्नेछ तर जुन सुकै विषय / संकाय अध्ययन गर्न सक्नेछ ।
४. आवेदकले अध्ययन गर्ने शैक्षिक संस्थाले निज आवेदक भर्ना भएको वा अध्ययन गरिरहेको सिफारिस पेश गर्नुपर्ने छ ।
६. आवेदक पूर्णकालीन छात्र/छात्राको रुपमा रहनुपर्नेछ ।
७. तोकिएको संख्या भन्दा बढि आवेदकहरु भएमा आवेदकहरु मध्येबाट सबैभन्दा गरिब, विपन्न तथा कृषक परिवारका उम्मेदवारको छनौट बैंकको शाखा प्रबन्धकले स्थानिय तहको समन्वयमा गर्नेछ । बैंकले आवेदक वा निजका परिवारका सदस्यहरुको अन्तर्वार्ता समेत लिन सक्नेछ ।
८. छात्रवृति शैक्षिक संस्थामा भर्ना भएको मितिदेखि लागु हुनेछ ।
९. निवेदकले हाल अन्य कुनै पनि छात्रवृत्ति नपाएको हुनुपर्नेछ ।
१०. आवेदन फारम बैंकको शाखा कार्यालयबाट नि:शुल्क उपलब्ध हुनेछ ।
११. आवेदनका साथ संलग्न गर्नुपर्ने कागजातहरु:
   - एक प्रति पासपोर्ट साइजको फोटो ।
   - एस.ई.ई. को मार्कशिट र चरित्रिक प्रमाणपत्र ।
   - बाबु वा आमाको नागरिकताको प्रतिलिपि
१२. आवेदन फारम भर्ने अन्तिम मिति : पौष २६, २०८१ कार्यालय समयभित्र ।
१३. शाखाहरुको जानकारीका लागि www.muktinathbank.com.np मा उपलब्ध छ ।
१४. अन्य जानकारीका लागि बैंकको केन्द्रीय कार्यालय तथा सम्बन्धित शाखाहरुमा सम्पर्क राख्न सक्नुहुनेछ ।

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

## भूकम्प स्मृति बहुउद्देश्यीय कभर्डहलको उद्घाटन

**काठमाडौं ।** नेपाल ओलम्पिक कमिटी (एनओसी) का अध्यक्ष जीवनराम श्रेष्ठले काठमाडौं नगरपालिका वडा नम्वर १५ डल्लु आवास क्षेत्रमा निर्माण भएको भूकम्प स्मृति वहुउद्देश्यीय कभर्डहलको बिहीबार एक समारोहवीच उद्घाटन गर्नुभएको छ । कार्यक्रम एनओसीसँगै डल्लु आवास स्थानीय सहयोग समितिको संयुक्त आयोजनामा भएको थियो । अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी (आइओसी) ले यो कभर्डहल निर्माणका लागि आर्थिक सहयोग गरेको थियो । यसको निर्माणका लागि कुल चार करोड ५० लाख रुपैयाँ खर्च भएको छ । कभर्डहलको शिलान्यास २०७९ को असोजमा भएको थियो । यसमा भलिबल, ब्याडमिन्टन, टेबल टेनिसलगायत इन्डोर खेलको आयोजना गर्न सकिनेछ । उद्घाटन अवसरमा अध्यक्ष श्रेष्ठले कभर्डहलको निर्माणले स्थानीय खेलको विकासमा महत्त्वपूर्ण योगदान पुग्ने बताउँदै यसले स्थानीय खेलाडी उत्पादनमा पनि सहयोग गर्ने वताउनुभयो ।

स्थानीय सरकार
हेलम्बु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हेलम्बु, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

**बोलपत्र आव्हान सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति: २०८१/०९/१२

यस हेलम्बु गाउँपालिकाको आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रम बमोजिम निम्न उल्लेखित कार्यहरु बोलपत्रको माध्यमबाट गराउन पर्ने भएको हुँदा तपसिलमा उल्लेख भएका ठेक्काहरुको लागि ईजाजत प्राप्त निर्माण व्यवसायी/सप्लायर्सहरुले तपसिल बमोजिमको मितिले दिनको १२:०० बजे भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाईट **www.bolpatra.gov.np/egp** बाट **Online bidding** गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| S N | Contract No | Description of works | Bid Security Amount (NRs.) | Bid submission Date | Price of Bid Document | Estimate cost including VAT & PS (NRs.) | Bid Validity Period (Days) |
|---|---|---|---|---|---|---|---|
| 1 | HRM/WORKS/ SQ/2081/82-01 | Construction of Ichok Swasthyachauki Sabalikaran | 45,000.00 | 2081/09/28 | 1000 | 17,31,341.917 | 75 |
| 2 | HRM/WORKS/ NCB/2081/82-12 | Construction of High Altitude Covered Hall Ghopteghyang. | 5,20,000.00 | 2081/10/14 | 5000 | 2,07,19,452.77 | 120 |
| 3 | HRM/GOODS/ NCB/2081/82-02 | Supplying and Installation of Attandence CCTV and Other Assecessories of Helambu Rural Municipality's School | 74,000.00 | 2081/10/14 | 3000 | 29,96,260.00 | 120 |

नोट: बोलपत्र सम्बन्धी अन्य कुराहरु बुझ्न परेमा यस कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रमुख प्रशासकीय अधिकृत

माङसेबुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
इभाङ, इलाम
कोशी प्रदेश, नेपाल

**शिलबन्दी बोलपत्र आह्वानको सूचना ।**

प्रथम पटक सूचना प्रकाशन मिति : २०८१/०९/१२)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भए बमोजिम माङसेबुङ गाउँपालिका, गाउँ कार्यपालिकाको बैठकबाट भएको निर्णय अनुसार आर्थिक वर्ष २०८१/०८२ का लागि स्वीकृत IEE प्रतिवेदनमा निर्धारण भए बमोजिम तपशीलमा उल्लेखित नदीहरुको स्वीकृत स्थलहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी माङसेबुङ गाउँपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक फर्म वा कम्पनीहरुले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र आवश्यक कागजात सहित तपशील बमोजिमका शर्तहरुको अधीनमा रही हार्डकपी मार्फत् बोलपत्र पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ ।

| क्र. सं. | बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन् परिमाण (घन फिट) | न्युनतम बोलपत्र रकम (मु. अ. कर बाहेक) | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|
| 1 | MRM/Revenue/ 2081/82-1 | Collection and Extraction of Natural River Bed Materials Sand, Gravel and Boulder at 1. Phewa Khola Ghat 1, Ghat 2 2. Phakphok Khola 3. Dovan Naka 4. Phewa Deumai Dovan Naka 5. Phulungi Dovan, 6. Lamphewa Dovan | 2,08,215 | 14,57,505.0 | 1,000.0 |

**शर्तहरु :**

१) बोलपत्र फाराम फर्म दर्ता प्रमाणपत्र, फर्म नवीकरण भएको प्रमाणपत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र तथा आ. व. २०८०/०८१ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेश गरी सूचनामा उल्लिखित मिति, समय र स्थानमा सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस कार्यालयको नाममा सिटिजन्स बैंक इन्टरनेशनल लि. माङसेबुङ शाखामा रहेको **0690100000001202 (GA-1.1ANTARIK RAJASWA KHATA)** मा बोलपत्र फाराम दस्तुर दाखिला गरेको सक्कल भौचर संलग्न राखी खरिद गरी १६ औ दिनको १२:०० बजेभित्र नेपाली नागरिक भए आफुले कबोल गरेको ठेक्का अंक (मु. अ. कर सहित) को ५% र गैर नेपाली नागरिक भए १०% धरौटी रकम यस कार्यालयको सिटिजन्स इन्टरनेशनल बैंक इन्टरनेशनल लि. माङसेबुङ शाखामा रहेको **0690100000029201 (GA-3.1ISTHANIYA TAHA DHARAUTI KHATA)** मा दाखिला गरेको सक्कल भौचर वा बोलपत्र दर्ता गर्ने अन्तिम मितिबाट नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकले जारी गरेको कम्तीमा १२० दिनको म्याद भएको जमानत पत्र (बिडबण्ड) शिलबन्दी बोलपत्र साथ संलग्न राखी पेश गर्न पर्नेछ । धरौटी जम्मा गरेको भौचर पछाडि धरौटी जम्मा गर्ने व्यक्ति, फर्मको नाम स्पष्ट उल्लेख गर्न पर्नेछ ।

२) रीतपुर्वक दाखिला भएका बोलपत्रहरु नजिकको कार्यालय प्रतिनिधि र बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३) रीत नपुगी, म्याद नाघी आएको वा कुनै शर्त राखी आएका बोलपत्रहरु उपर कुनै कार्बाही गरिने छैन । गाउँपालिकालाई तिर्न वा बुझाउनु बाँकी बक्यौता रहेको व्यक्ति, कम्पनी वा फर्मलाई ठेक्का प्रक्रियामा संलग्न गरिने छैन ।

४. स्वीकृत बोलपत्रदाताले कबोल बमोजिमको वार्षिक ठेक्का रकम एकमुष्ठ बुझाएमा १०% रकम छुट दिन सकिनेछ । स्वीकृत बोलपत्रदाताले किस्तावन्दीमा रकम बुझाउन चाहेमा कबोल अंकको ४०% ले हुन आउने रकम स्थानी विभाज्य कोष खातामा जम्मा गरी बाँकी ६०% बराबरको र कम ठेक्का सम्झौता अवधिसम्मको समयावधि भएको वाणिज्य बैंकको कार्यसम्पादन जमानत पेश गरे पछि मात्र सम्झौता गरिनेछ । दोस्रो किस्ता कबोल अंकको ३०% ले हुने रकम चैत मसान्तभित्र र अन्तिम किस्ता कबोल अंकको ३०% ले हुने रकम बैशाख मसान्तभित्र कार्यालयमा जम्मा गरि सक्नुपर्नेछ ।

५) कुनै कारण देखाई वा नदेखाई ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस गाउँ कार्यपालिकामा सुरक्षित रहनेछ । तर कुनै किसिमको परिस्थिति देखाई ठेक्का रकम छुट वा मिनाहा सम्बन्धी माग कार्यालयलाई स्वीकार्य हुने छैन ।

६) ठेक्का रकम असुली सम्बन्धी प्रशासनिक खर्च ठेकेदार आफैले व्यहोर्न पर्नेछ र प्रचलित कानुन बमोजिम लाग्ने कर, दस्तुर आदि बुझाउनुपर्ने दायित्व ठेकेदारको हुनेछ । कर असुली गर्न नगदी रसिद ठेकेदारले आफ्नो तर्फबाट छपाई यस कार्यालयबाट प्रमाणित गराएर मात्र प्रयोगमा ल्याउनु पर्नेछ ।

७) बोलपत्र खरिद र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट तोकिएको समयभित्र खरिद तथा दाखिला गर्न सकिनेछ ।

८) बोलपत्र फाराममा कबोल रकम अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ ।

९) यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित कानुन बमोजिम हुनेछ ।

१०) थप जानकारीका लागि ९८४२७९८९६१ मा सम्पर्क गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत